गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

गोरखा नगरपालिका नगर कार्यपालिकाको मिति २०८०/०७/१७ को बैठकका निर्णयहरु

## गोरखा नगरपालिका नगर कार्यपालिकाको मिति २०८०/०७/१७ को बैठकका निर्णयहरु-

**प्रस्ताव नं १:**

नगरपालिकामा हालसम्म 'घ' बर्गको ईजाजत-पत्र माग गरी निवेदन पेश गरेका निर्माण व्यवसायीहरुलाई ईजाजत-पत्र प्रदान गर्ने सम्बन्धमा ।

**निर्णय नं १:**

'घ' वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्बन्धी कार्यविधि, २०७४ को दफा (२) को उपदफा (२) बमोजिमको समितिबाट सिफारीश भई आएका तपशील बमोजिमका फर्म/कम्पनीहरुलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजत-पत्र जारी गर्न स्वीकृति दिने निर्णय गरियो-

तपशील:

१. गोरखकाली कन्स्ट्रक्सन कम्पनी, गोनपा-६
२. प्रियन्स कन्स्ट्रक्सन कम्पनी, गोनपा-३
३. नाज कन्स्ट्रक्सन कम्पनी, गोनपा-८
४. यस एण्ड यस कन्स्ट्रक्सन कम्पनी, गोनपा-३
५. ए.के.जी कन्स्ट्रक्सन कम्पनी, गोनपा-६
६. न्यू गोरखकाली कन्स्ट्रक्सन कम्पनी, गोनपा-५
७. आर एण्ड आर कन्स्ट्रक्सन कम्पनी, गोनपा-३

**प्रस्ताव नं २:**

गोरखा नगरपालिका वडा नं. ६ को बसपार्कदेखि वडा नं. ८ को खोलखोलेसम्म सडक बिस्तार गरी फुटपाथ निर्माणको लागि डि.पि.आर. तयार गर्ने सम्बन्धमा ।

**निर्णय नं २:**

गोरखा नगरपालिका वडा नं. ६ को बसपार्कदेखि गोनपा वडा नं. ८ को खोलखोलेसम्म सडक विस्तार गरी फुटपाथ निर्माण गर्नको लागि आ.व ०८०/८१ को नगर सभाबाट विस्तृत परियोजना प्रतिवेदन (डी.पी.आर.) पुंजीगत परामर्श सेवा शीर्षकमा विनियोजित रु. ८० लाख मध्येबाट रु. १ लाख रकम खर्च गरी डी.पी.आर. तयार गर्ने निर्णय गरियो ।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

गोरखा नगरपालिका नगर कार्यपालिकाको मिति २०८०/०७/१७ को बैठकका निर्णयहरु

<u>प्रस्ताव नं ३ः</u>

प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि प्राप्त बजेट उक्त कार्यक्रम अन्तर्गत बिभिन्न शीर्षकमा विनियोजन गरी खर्च गर्ने सम्बन्धमा।

<u>निर्णय नं ३ः</u>

प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना कार्यक्रम अन्तर्गत रोजगारी सृजना शीर्षकहरुमा प्राप्त बजेटहरुमध्येबाट देहाय बमोजिम कार्यक्रमहरुमा रकम विनियोजन तथा अनुगमन गरी खर्च गर्ने निर्णय गरियोः

तपशीलः

| क्र.सं. | वडा नं. | आयोजना/कार्यक्रमको शिर्षक | बेरोजगार व्यक्तिहरुको संख्या | प्रस्तावित बजेट | पुस्ट्याइ |
|---|---|---|---|---|---|
| १ | २ | प्र.म.रो.का. वडा नं. २ | ४ | २,८०,००० | विनियोजित बजेट वडा समितिको निर्णय बमोजिम तोकि अनुसारको कामहरुमा ल.ई. तयार गरी आयोजना सञ्चालन गर्न सकिनेछ । |
| २ | ३ | प्र.म.रो.का. वडा नं. ३ | ४ | २,८०,००० | |
| ३ | ४ | प्र.म.रो.का. वडा नं. ४ | १४ | ९,८०,००० | |
| ४ | ५ | प्र.म.रो.का. वडा नं. ५ | ५ | ३,५०,००० | |
| ५ | ६ | प्र.म.रो.का. वडा नं. ६ | ७ | ४,९०,००० | |
| ६ | ७ | प्र.म.रो.का. वडा नं. ७ | ८ | ५,६०,००० | |
| ७ | ८ | प्र.म.रो.का. वडा नं. ८ | ६ | ४,२०,००० | |
| ८ | ९ | प्र.म.रो.का. वडा नं. ९ | ८ | ५,६०,००० | |
| ९ | १० | प्र.म.रो.का. वडा नं. १० | ८ | ५,६०,००० | |
| १० | ११ | प्र.म.रो.का. वडा नं. ११ | ५ | ३,५०,००० | |
| ११ | १२ | प्र.म.रो.का. वडा नं. १२ | ५ | ३,५०,००० | |
| १२ | १३ | प्र.म.रो.का. वडा नं. १३ | ४ | २,८०,००० | |
| | | जम्मा | ७८ | ५४,६०,००० | |

<u>प्रस्ताव नं ४ः</u>

नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि माटो परीक्षण तथा विस्तृत परियोजना प्रतिवेदन (DPR निर्माण) तयार गर्ने सम्बन्धमा।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

निर्णय नं ४:

नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि माटो परीक्षण तथा प्राविधिक परामर्श सेवा (DPR निर्माण) गर्नको लागि आ.व ०८०/८१ को नगर सभाबाट बिस्तृत परियोजना प्रतिवेदन (डी.पी.आर.) पुंजीगत परामर्श सेवा शीर्षकमा विनियोजित रु. ८० लाख मध्येबाट रु. १५ लाख खर्च गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ५:

गोरखा नगरपालिका वडा नं. ६ मा कृषि हाट बजार सञ्चालन तथा कृषि एम्बुलेन्स खरिद सम्बन्धमा।

निर्णय नं ५:

गोरखा नगरपालिका वडा नं. ६ मा कृषि हाट बजार सञ्चालन गर्नको लागि सोको अध्ययन तथा स्थलको छनौट गरी आवश्यक प्रक्रिया अघि बढाउन तपशील बमोजिमको समिति गठन गर्ने र उक्त समितिको प्रतिवेदनको आधारमा कृषि एम्बुलेन्स खरिदको लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

तपशील

१. गोरखा नगरपालिका वडा नं ६ का वडा अध्यक्ष- संयोजक
२. गोरखा नगरपालिका वडा नं ७ का वडा अध्यक्ष- सदस्य
३. गोरखा नगरपालिका वडा नं ८ का वडा अध्यक्ष- सदस्य
४. कृषि शाखा प्रमुख, गोरखा नगरपालिका- सदस्य सचिव

प्रस्ताव नं ६:

गोरखा नगरपालिकासँग भगिनी सम्बन्ध कायम भएको धादिङ जिल्लाको निलकण्ठ नगरपालिकासँग आगामी संयुक्त बैठक गोरखा नगरपालिकाले आयोजना गर्ने सम्बन्धमा।

निर्णय नं ६:

गोरखा नगरपालिकासँग भगिनी सम्बन्ध कायम भएको धादिङ जिल्लाको निलकण्ठ नगरपालिकासँग आगामी संयुक्त कार्यपालिका बैठक मंसीर महिनाको दोश्रो हप्ता आपसी सहमतिमा मिति र स्थान तोकी बैठक बस्ने निर्णय गरियो ।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं ७:**

हाल आयुर्वेद औषधालय बसिरहेको घरको घरभाडा भुक्तानी गर्ने सम्बन्धमा।

**निर्णय नं ७:**

गोरखा नगरपालिकाको आयुर्वेद शाखा रहेको भवनको २०८० कार्तिक मसान्तसम्मको भाडा घरभाडा शिर्षकबाट भुक्तानी गर्ने र उक्त भवनको घरभाडा महङ्गो भएको कारण अर्को घर खोजी गर्ने, सो अवधिसम्मको लागि २०८० मंसिर १ गतेदेखि उक्त शाखाको कामकाज स्वास्थ्य शाखा रहेको भवनबाट सञ्चालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ८:**

गोरखा नगरपालिकालाई स्वास्थ्य विमा, रामशाह घाटमा शवदहनको लागि दाउरा व्यवस्थापन र बिपद् प्रकोप व्यवस्थापनको लागि प्राप्त बजेट रकमको मापदण्ड निर्माण गरी बितरण गर्ने सम्बन्धमा।

**निर्णय नं ८:**

स्वास्थ्य विमा व्यवस्थापन, रामशाह घाटमा शवदहनको लागि दाउरा व्यवस्थापन र बिपद् प्रकोप व्यवस्थापनको लागि विनियोजित बजेट रकम खर्च गर्न स्वास्थ्य शाखा प्रमुखको संयोजकत्वमा, वन, वातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख- सदस्य, प्रशासन शाखा प्रमुख- सदस्य र सामाजिक विकास शाखा प्रमुख- सदस्य-सचिव रहने गरी समिति गठन गरियो। उक्त समितिले उल्लिखित विषयहरुको मापदण्ड निर्माण गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं ९:**

Local Trekking Guide Training सञ्चालन गर्न बजेट विनियोजन गर्ने सम्वन्धमा।

**निर्णय नं ९:**

Local Trekking Guide Training सञ्चालन गर्नको लागि नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (NATHM), काठमाडौं सँगको साझेदारी तथा सहकार्यमा कार्यक्रम अगाडी बढाउने र सोको लागि आवश्यक रकम आगामी बैठकबाट विनियोजन गर्ने निर्णय गरियो ।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख



प्रमुख प्रशासकिय अधिकृत

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं १०:**

मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको Jing De Zheng नगरपालिकासँग गोरखा नगरपालिकाको भगिनी सम्बन्ध कायम गर्नको लागि नगर प्रमुखज्यूको उक्त नगरपालिकाको भ्रमणको प्रगति बारे जानकारी सम्बन्धमा।

**निर्णय नं १०:**

मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको Jing De Zheng नगरपालिकामा गोरखा नगरपालिकाका प्रमुखज्यू र स्वकीय सचिव सहितको दुई सदस्यीय प्रतिनिधि मण्डलले भ्रमण गरी उक्त नगरपालिका (Jing De Zheng City) संग गोरखा नगरपालिकाको भगिनी सम्बन्ध कायम गरिएको बारेमा प्रमुखज्यूबाट कार्यपालिका बैठकमा जानकारी गराउने कार्य भयो | Jing De Zheng र गोनपा बीचको भगिनी सम्बन्धलाई अनुमोदन गर्ने निर्णय गरियो |

**प्रस्ताव नं ११:**

वडा कार्यालय भवन निर्माणको लागि प्राविधिक परामर्श सेवा (DPR निर्माण) गर्ने सम्बन्धमा।

**निर्णय नं ११:**

वडा नं. ८ र वडा नं. १३ को वडा कार्यालय भवन निर्माणको लागि प्राविधिक परामर्श सेवा (DPR निर्माण) गर्नको लागि आ.व ०८०/८१ को नगर सभाबाट बिस्तृत परियोजना प्रतिवेदन (डी.पी.आर.) पुंजीगत परामर्श सेवा शीर्षकमा विनियोजित रु. ८० लाख मध्येबाट रु. ५/५ लाख खर्च गर्ने निर्णय गरियो |

**प्रस्ताव:** विविध

**निर्णय नं १२:**

यस कार्यालयको व्याक हु लोडर सञ्चालनको लागि कार्यविधि निर्माण गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो |

**निर्णय नं १३:**

गोरखा नगरपालिका वडा नं. ७ मा रहेको तरकारी बजार भवनको भाडाको लागि दुई पटकसम्म ठेक्का प्रक्रियामा जाँदा समेत कसैले पनि ठेक्का नराखेकोले यसअघि नै उक्त भवनमा व्यवसाय सञ्चालन गरिरहेका व्यवसायीहरुलाई सोही दररेटमा नवीकरण गरी व्यवसाय सञ्चालन गर्न दिने निर्णय गरियो |

कृष्ण बहादुर राना मगर
नगर प्रमुख



प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

निर्णय नं १४:

वडा कार्यालयहरुको विविध खर्च शिर्षकमा विनियोजन गरिएको रकम वडा समितिबाट निर्णय गराई नगर सभाको निर्णय बमोजिम नगरपालिकाबाट स्वीकृति लिएर मात्र कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं १५:

नेपाली सेनासँगको सहकार्यमा वडा नं १० देखि १४ सम्म सञ्चालन हुने सामुदायिक विपद् प्रतिकार्य तालिमको लागि नगरपालिकामा मितिः २०८०/०६/२७ मा बसेको स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र (LEOC) को बैठकबाट नगरपालिकाले तालिममा सहभागीहरुको लागि खाजा खर्च उपलब्ध गराउने निर्णय भएबमोजिम नेपाली सेनासँगको सहकार्यमा सञ्चालन गरिने नगर स्तरीय कार्यक्रम शीर्षकमा विनियोजित रु. १५ लाख मध्येबाट रु. ४५,०००/- खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं १६:

गण्डकी प्रदेशको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको मिति २०८०/०७/१६ मा प्रथम पटक प्रकाशित प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना अनुसार 'एक स्थानीय तह एक खेलकुद मैदान' निर्माणको लागि गोरखा नगरपालिका वडा नं. १० को छेवेटार स्थित खेलकुद मैदान निर्माण तथा व्यवस्थापनको लागि मन्त्रालयमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णय नं १७:

गण्डकी प्रदेशको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको मिति २०८०/०७/१६ मा प्रथम पटक प्रकाशित प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना अनुसार खेलकुद मैदान निर्माणको लागि गोरखा नगरपालिका वडा नं. ५ स्थित गोरखा क्याम्पसको खेलकुद मैदान निर्माण तथा व्यवस्थापनको लागि मन्त्रालयमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णय नं १८:

गोरखा नगरपालिका वडा नं २ को च.नं. २५७, मिति २०८०/०७/१६ को सिफारिश पत्र अनुसार पशुपालन प्रोत्साहन कार्यक्रम २०८०/०७/३० गतेसम्म सम्पन्न गर्ने सम्झौता भएकोमा विविध कारणवश सम्झौतामा उल्लेख भएको समयमा कार्य सम्पन्न नभएकोले मिति २०८० चैत्र मसान्तसम्मको लागि खरिद सम्झौताको म्याद थप गर्ने निर्णय गरियो ।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

**निर्णय नं १९:**

गोरखा नगरपालिका वडा नं २ को बन्दिचौर-कोखेआहाले-अँधेरीखोला झोलुंगे पुल (वडा नं १ र २ जोड्ने) निर्माणको लागि हालको दररेट अनुसार लागत अनुमान संशोधन गोरखा नगरपालिकासँग सम्झौता भएको संस्था हिमाली क्षेत्र विकास केन्द्र, गोरखा मार्फत गर्ने र उल्लिखित लागत अनुमान स्वीकृत गरी स्रोत सुनिश्चितताको लागि स्थानीय पूर्वाधार विभाग, पुल शाखा, ललितपुरलाई पत्राचार गर्ने निर्णय गरियो | साथै स्रोत सुनिश्चितता प्राप्त भएपश्चात उल्लिखित झो.पु. को निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं २०:**

गोरखा नगरपालिकाको आ.व. २०८०/८१ को नगर सभाबाट देहाय बमोजिमको शिर्षकमा विनियोजन गरिएको निम्न अनुसारको रकमहरु देहाय बमोजिमका शिर्षकहरुमा रकमान्तर गरी खर्च गर्ने निर्णय गरियो:

| क्र.सं | विनियोजित योजना तथा कार्यक्रमको शिर्षक | रकम रु. | खर्च हुने योजना तथा कार्यक्रम |
|---|---|---|---|
| १. | मेयर कप राष्ट्रिय अण्डर थर्टिन लगायत खेलकुद कार्यक्रम (रु. २० लाख) | १,५०,०००।- | राइजिंङ स्टार युथ क्लब, गोरखा नगरपालिका वडा नं. १२ मार्फत सञ्चालन हुने खेलकुद कार्यक्रम |
| २. | मेयर कप राष्ट्रिय अण्डर थर्टिन लगायत खेलकुद कार्यक्रम (रु. २० लाख) | १,५०,०००।- | जिल्ला खेलकुद विकास समितिलाई लखन थापा मनकामना-गोरखा खुल्ला म्याराथन दौड प्रतियोगिता |
| ३. | मेयर कप राष्ट्रिय अण्डर थर्टिन लगायत खेलकुद कार्यक्रम (रु. २० लाख) | २,००,०००।- | गोरखा नगरपालिका वडा नं. ६ केरौजा नयाँबस्ती खानेपानी आयोजना |
| ४. | मेयर कप राष्ट्रिय अण्डर थर्टिन लगायत खेलकुद कार्यक्रम (रु. २० लाख) | २,००,०००।- | मझुवा प्रहरी चौकी भवन निर्माण, गोरखा न.पा-१३ |
| ५. | विभिन्न जातका विरुवा खरिद (रु. ५ लाख) | १,५०,०००।- | गोरखा नगरपालिका वडा नं. ३ जाने मूल सडक (मानेपानी नारेश्वर) दाँया बाँया वृक्षारोपण |
| ६. | पूर्व प्राथमिक तहका बालविकास शिक्षकहरु र विद्यालय सहायक तथा सहयोगीहरुको लागि थप गर्नुपर्ने पारिश्रमिक (रु. ७५ लाख) | ४,१४,०००।- | नगरपालिका भित्र रहेका स्वीकृत ECD (बाल कक्षा) को लागि |
| ७. | मठ मन्दिर निर्माण व्यवस्थापन (रु. २० लाख) | ५०,०००।- | वडा नं १ को ताप्ले कोट मन्दिरमा पूजाको लागि खर्च भएको रकम अनुमोदन |
| ८. | विपद् व्यवस्थापन (प्रकोप) (रु. ७० लाख) | २,००,०००।- | गोरखा न.पा वडा नं ८, आमडाँडामा पहिरो व्यवस्थापन गर्न रिटेनिङ वाल र टोल विकास संस्थाको खुल्ला हलको लागि |

**निर्णय नं २१:**

पर्यटन तथा उद्योग कार्यालय गोरखाको च.नं २६४ मिति २०८०/७/१४ को पत्रबाट अनुरोध भई आए बमोजिम त्यस कार्यालयको चालु आ.व. ०७९/८० मा पर्यटन पूर्वाधार विकाससँग सम्बन्धित सञ्चालन हुने आयोजनामा 'गोरखकालीदेखि मनकामना धार्मिक पर्यटन पदमार्ग' हुनुपर्नेमा 'मनकामनादेखि गोरखकाली पर्यटन

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

पदमार्ग' भएको र गोरखा रानीवन शहिद स्मृति पार्क पर्यटकीय पूर्वाधार निर्माण, गोरखा नगरपालिका वडा नं. ८ हुनुपर्नेमा वडा नं नखुलेकोमा सोलाई संसोधन गर्ने निर्णय गरियो ।

निर्णय नं २२:

गोरखा नगरपालिकाको आ.व. २०८०/०८१ मा कार्यान्वयन हुने गरी नगर सभाबाट स्वीकृत उपभोक्ता समितिसँग सम्झौता भएका क्रमागततर्फका योजना तथा कार्यक्रमहरुको २०८० चैत्र मसान्तसम्म खरिद सम्झौताको म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं २३:

मर्स्याङ्गदी ड्याम गोर्बुङ्ग छाकु हुँदै वडा कार्यालय सडक स्तरोन्नति कार्य गोरखा नगरपालिका वडा नं. १४ को लागि गण्डकी प्रदेश सरकार अनुदानतर्फ रु. १ करोड प्राप्त भएकोमा गोनपा समपूरक रकममा विनियोजन भएको रकम मध्येबाट रु. १ करोड सो योजनामा थप गरी जम्मा रु. २ करोड रकमको ठेक्का प्रक्रिया मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं २४:

गरापानी-वानियागाउँ-पुतली बगैंचा-ज्यादुल सडक स्तरोन्नति कार्य गोरखा नगरपालिका वडा नं. ४ का लागि नेपाल सरकार सशर्त अनुदानतर्फ रु. ८० लाख प्राप्त भएकोमा गोनपा समपूरक रकममा विनियोजन भएको रकम मध्येबाट रु. ८० लाख सो योजनामा थप गरी जम्मा रु. १ करोड ६० लाख रकमको ठेक्का प्रक्रिया मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner